वालिङ नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

वालिङ, स्याङ्जा

पत्र संख्या : २०७६/०७७
चलानी नं. : ६४३

गण्डकी प्रदेश, नेपाल
मिति :२०७६।७।१५

श्री सम्वन्धीत सवैको जानकारीको लागि ।

विषय : सूचना प्रकाशित गरिएको सम्वन्धमा ।

प्रस्तुत विषयमा यस वालिङ नगर पालिकाले नगरपालिका भित्रका शैक्षिक वेराजगारहरुको प्रतिस्पर्धी क्षमताको विकास गरी वढी भन्दा वढी वालिङवासी युवा युवतीहरुलाई लोक सेवाको परिक्षा उतिर्ण गराई समृद्ध र स्मार्ट वालिङ निर्माणमा योगदान पुरयाउने उद्देश्यले वालिङ,नगरभित्रका युवा,महिला ,दलित ,आदिवासी जनजातिहरुका लागि लोकसेवा तयारी कक्षा (खरिदार तथा नायव सुव्वा ) तहको संचान गर्न लागेको हुंदा इच्छुक व्यक्तिहरुले यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिनभित्र वालिङ,नगरपालिकामा निवेदन पेश गर्नुहुंन अनुरोध छ ।

तयारी कक्षाको कार्यक्रम सम्वन्धी थप जानकारी :

१.तयारी कक्षामा सहभागी हुंन चाहने व्यक्तिले कम्तिमा १२(वाह्र) कक्षा उतिर्ण भएको हुंनुपर्ने ।
२.निवेदकको उमेर १६ वर्ष पुरा गरी ३५ वर्ष नकाटेको र महिलाको हकमा ४० वर्ष ननाघेको ।
३. निवेदनको साथमा नागरीकताको प्रमाण पत्रको प्रतिलिपी र शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपि संलग्न गर्नुपर्ने ।
४. तयारी कक्षामा भाग लिने व्यक्तिहरुको संख्या धेरै भएमा अर्न्तवार्ता तथा प्राथमीकताको आधारमा छनौट गरिने ।
५. तयारी कक्षा प्रत्येक दिन विहान वढीमा ३ घण्टाको दरले संचालन गरिने तथा सार्वजनिक विदाको दिनमा दिनभरी पनि संचालन गर्न सकिने ।
६. तालिम अवधी ३(तीनं) महिनाको हुंने ।
७. तालिमको लागि निवेदन पेश गर्दा र तालिम लिंदा कुनै प्रकारको शुल्क नलाग्ने ।
८. तालिममा पोखरा तथा काठमाण्डौ सम्म देखि दक्ष र विज्ञ प्रशिक्षलाई वोलाईने ।

**वोधार्थ : सवै वडा कार्यालयहरु** : सवैलाई जानकारी गराई इच्छुकलाई निवेदन दिन पठाउनु हुंन ।

७६।७।१६

.............................
गुरुदत्त सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

फोन नं : +९७७-६३-४४०१७७, ४४०२३७
ईमेल: walingmun@gmail.com

फ्याक्स: +९७७-६३-४४०१८२
वेब पेज : www.walingmun.gov.np